नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त निर्देशनहरूको पूर्ण कार्यान्वयन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार मिति २०७८ जेठ ६ गतेका दिन देशभरका विभिन्न सीमानाकाहरूबाट २,९२३ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। देशभर थप ३०० क्वारेन्टिन बेड वृद्धि भइ ३,१०० क्वारेन्टिन बेडहरूको प्रवन्ध गरिएको छ। उक्त बेड मध्ये ४०० बेड मात्र प्रयोगमा आएको छ। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि विभिन्न ७४ क्वारेन्टिन स्थलहरूको अनुगमन गरिएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन २०६ स्थानमा अनुगमन भएको जनाइएको छ।

कोभिड संक्रमितको उपचारका लागि डेडिकेटेड रुपमा देशभर ४४२ अस्पतालहरू सञ्चालनमा आएका छन्। विभिन्न जिल्लामा रहेका जिल्ला अस्पताल र अन्य अस्पतालहरूलाई कोभिड डेडिकेटेड अस्पतालको रुपमा सञ्चालन गर्ने क्रम बढ्दै गएको छ। उल्लिखित अस्पतालहरूमा सामान्य बेडहरूको संख्यामा पनि वृद्धि भई १८,००० पुगेको देखिन्छ। संक्रमितहरुको विशेष उपचारको लागि एच.डी.यू., आई.सी.यू. बेड र भेन्टिलेटर को संख्यामा पनि वृद्धि भएको विवरण प्राप्त भएको छ। प्राप्त विवरण अनुसार एच.डी.यू. बेडको संख्या ३,००० पुगेको देखिन्छ भने आई.सी.यू. बेड संख्या २,००० पुगेको देखिन्छ। त्यस्तै ७०० भेन्टिलेटरहरूको प्रवन्ध गरी संक्रमितहरूको उपचार भैरहेको छ। विगत २४ घण्टामा ९४ अक्सिजन सिलिण्डर संकलन गरी ७४ अक्सिजन सिलिण्डर वितरण गरिएको र निषेधाज्ञा उलंघन गर्ने ४,८५९ सवारी साधन र २३४ जनालाई कारवाही गरिएको जनाइएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकामा एक वटा टोलि परिचालन गरी खाद्यन्न र औषधि पसलहरूको अनुगमन गरएको र २ वटा पसललाई १५ हजार गरिवाना गरिएको छ। निषेधाज्ञा अवधिमा विभागबाट ८२ वटा व्यापारिक फर्म अनुगमन गरिएकोमा कारोवार रोक्का गरिएको, ३६ वटा फर्मलाई रु. ७,३७,०००।- जरिवाना गरिएको र ४५ वटा फर्मलाई अन्य कारवाही गरिएको उल्लेख छ।

परराष्ट्र मन्त्रालयका अनुसार स्वीस सरकारबाट ४० भेन्टिलेटर, १० अक्सिजन कन्सन्ट्रेटर, ११,००,००० एन्टिजेन टेस्टकिट, १,००० नासल क्यानुला तथा मास्क पिपिइ लिई भोलि चार्टर्ड



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

विमान अवतरण हुने भएको छ। यस्तै अमेरिकी सहयोग सामाग्री लिएर तीन जहाज २०७८ जेठ ८, ९ र १० गते अवतरण हुने जानकारी प्राप्त भएको छ। साथै जर्मनीले निकट भविष्यमै ६२ भेन्टिलेटर, २०० बडी ब्याग सहित मास्क पिपिइ उपलव्ध गराउने भएको छ।

अष्ट्रेलिया सरकारले नेपाललाई कोभिड नियन्त्रणका लागि हालको अवस्थामा अत्यावश्यक पर्ने सामान खरीदका लागि संयुक्त राष्ट्रसंघीय संस्थाहरू र गैरसरकारी संस्थाहरू मार्फत ७ मिलियन अष्ट्रेलियन डलर प्रदान गर्ने जनाएको छ। साथै, अष्ट्रेलिया सरकारबाट सहयोग स्वरुप प्राप्त हुने स्वास्थ्य सामग्रीहरू आगामी ४ जुन २०२१ मा अष्ट्रेलियन डिफेन्स फोर्सको उडानबाट नेपाल पठाउने तयारी सम्बन्धमा अष्ट्रेलियास्थित नेपाली राजदूतावास क्यानवेराले आवश्यक समन्वय गरिरहेको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि ८०,१९,९५७ थान विभिन्न मेडिकल उपकरणहरू र अक्सिजन ११,५३५ एम.टि.क्यू. सहित ३९,६४१ के.जी. स्यानिटाइजर, २,०४५ के.जी. कोभिड-१९ टेष्ट किट र १३,१०० बक्स रेम्डिसिभर बराबर औषधिहरू पैठारी भएको छ। कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि नेपाल ए.पि.एफ. अस्पताल, बलम्बुलाई कोरोना संक्रमितहरूको उपचारको लागि आवश्यक पर्ने औषधि रेम्डिसिभर खरीद गर्ने पर्योजनका लागि रु. ३९ करोड ६९ लाख सम्मको खरीद प्रक्रिया अगाडि बढाउन सहमति प्रदान भएको र प्रथम चरणमा उक्त खरीद कार्यका लागि रु. २० करोड निकासा दिने निर्णय भएको जनाइएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ५७ आन्तरिक उडान भरी जम्मा १९७ यात्रुको उद्धार गरिएको अवस्था छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १७ रहेको जनाइएको छ।

हामी सबैले जनस्वास्थ्यको मापदण्ड पूर्ण अवलम्बन गर्ने/गराउने र सकारात्मक ऊर्जा संचार गरी उत्पेरीत हुने वातावरण तयार गर्न/गराउन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

मिति २०७८ जेठ ७

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np